# प्रसौनी गाउँपालिका
## प्रसौनी, बारा

# स्थानीय राजपत्र

**खण्ड ७** **संख्या ८** **मिति २०८१।०३।३०**


भाग–२

## प्रसौनी गाउँपालिका

पेशा व्यवसाय दर्ता तथा सुचिकृत सम्बन्धी कार्यविधि २०८१

स्वीकृत मितिः २०८१।०३।३०

१. प्रस्तावनाः स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अर्न्तगत पारित पेशा व्यवसाय दर्ता तथा सुचिकृत सम्बन्धी कार्यविधि २०८१ गाउँसभा द्वारा स्वीकृत गरी जारी गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१. यस कार्यविधिको नाम प्रसौनी गाउँपालिकाको पेशा व्यवसाय दर्ता तथा सुचिकृत सम्बन्धी कार्यविधि २०८१ रहेको छ ।

२ परिभाषा विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ

(ख) “ऐन” भन्नाले संस्था दर्ता ऐन २०३४ लाई सम्झनु पर्दछ ।

(ग) “गाउँपालिका” भन्नाले प्रसौनी गाउँपालिका सम्झनु पर्दछ ।

(घ) “अध्यक्ष” भन्नाले प्रसौनी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) “उपाध्यक्ष” भन्नाले प्रसौनी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(च) “प्रमुख प्रशासकिय अधिकृत" भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको यस गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ।

(छ) “कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ज) “गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिम गठित गाउँसभा सम्झनु पर्छ ।

(झ) “योजना" भन्नाले आयोजना तथा कार्यक्रमसमेतलाई जनाउँछ ।

(ञ) “वडा" भन्नाले गाउँपालिकाका वडा सम्झनु पर्छ ।

(ट) “वडा अध्यक्ष" भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ठ) “सदस्य" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनु पर्दछ ।

(ड) “वडा समिति" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ढ) “सरकारी संस्था" भन्नाले गाउपालिका वडा कार्यालय स्थानिय स्तरका विषयगत कार्यालय, विद्यालय आदीलाई जनाउदछ ।

(ण) "गै.स.स" भन्नाले समाज कल्याण ऐन अन्तगत दता भएका गै.स.स., आमा समुह, युवा क्लव, उपभोक्ता समिति, सहकारी संस्था, कृषि, पशु लगाएतका विभिन्न व्यवसायिक संस्था आदी लाई जनाउदछ ।

(त) "नाफा मुलक पेशा व्यवसाय” भन्नाले होटल, रेष्टुरेण्ट, होम स्टे, व्यवसायिक पशु पन्छी फम, व्यवसायिक कृषि फर्म, व्यवसायिक फलफुल तरकारी, व्यवसायिक खाद्यान्न, व्यवसायिक नगदेवाली, विभिन्न परामर्श सेवा दिने कन्सल्टेन्सी, निर्माण व्यवसायि, निर्माण उपकरण, आदीलाई बुझिन्छ ।

(थ) " गैह्र नाफा मुलक पेशा व्यवसाय” भन्नाले संगठित तथा एकिकृत रुपमा समुहमा समुहकृत हुने युवा क्लव, आमा समुह, उपभोक्ता समिति, महिला समुह, वाल क्लव, विभिन्न संजालहरु जुन विशुद्ध सामाजिक भावनाले स्थापना र संचालन हुन्छन्, नाफालाई जोड नदिने सामुहिक हितलाई जोड दिने लाई बुझिन्छ ।

(द) “संस्था” भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययनकेन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउंछ ।

३. संस्था दर्ता : (१) संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा वढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता ऐन २०३४ अनुसार जिम्मेवार अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :-

क. संस्थाको नाम,

ख. उद्देश्यहरु

ग. प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा

घ. आर्थिक श्रोत,

ङ. कार्यालयको ठेगाना

च. संस्थाको विद्यान

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि जिम्मेवार अधिकारीले आवश्यक जांचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

(३) उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएतापनि गाउँपालिका भित्र संचालन हुने निजि होटल, होम स्टे, किराना पसल, कपडा पसल, अन्य निजि व्यवसाय, कृषि फर्म, पशु फर्म, लगाएत स्थानिय स्तरका निजि प्रयासका व्यवसायिक पेशा व्यवसाय फमहरु यस कार्यविधिको अधिनमा रहि गाउँपालिकाले दर्ता गर्न सक्नेछ ।

४. संस्था सुचिकृत भन्नाले : (१) संस्था दर्ता ऐन २०३४ अनुसार सम्बन्धीत निकायमा दर्ता भएका संस्था लाई गाउँपालिकाको तर्फवाट गरिने अभिलेखांकनलाई जनाउदछ ।

५. संस्था सुचिकृत गर्दा आवश्यक पर्ने कागजात ।

(१) आवश्यक पर्ने कागजात भन्नाले निम्न कागजातलाई बुझिन्छ ।

क. जिम्मेवार अधिकारी समक्ष निवेदन,

ख.संस्थाको नाम,

ग. उद्देश्यहरु तथा विद्यान

घ. प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

ङ. आर्थिक श्रोत,

च. कार्यालयको ठेगाना र रहने स्थानको लालपूर्जा प्रतिलिपि तथा भाडामा भए भाडा सम्झौता ।

छ. निजि व्यवसायिक संस्था भए संचालकको फोटो

ज. संस्था दर्ता प्रमाण पत्र प्रतिलिपि

(२) उपदफा (१) मा उल्लेखित कागजात सहित निवेदन प्राप्त भएपछि जिम्मेवार अधिकारीले आवश्यक जांचयुक्त गरी संस्था सुचिकृत गर्न उचित ठानेमा संस्था सुचिकृत गरी प्रमाण-पत्र दिनेछ । तर यस दफामा जुन सुकै कुरा लेखिएको भएतापनि दफा ३ को उपदफा (३) वमोजिमका प्रावधान अर्न्तगतका संस्था दर्ता गर्नलाई वाधा पर्ने छैन ।

६. संस्था सुचिकृत गर्ने अधिकारी भन्नाले : गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधिलाई लाई बुझिन्छ ।

७. कार्यविधि लागु : १) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

८. कार्यवधिमा परिर्माजिन तथा शंशोधन : यस कार्यविधिको कार्यन्वयन मा कुनै समास्या खियमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन शंशोधन गर्न सक्नेछ ।

९. दर्ता भएको मानिने : (१) यस कार्यविधि वन्तु अगाडी गाउँपालिका वा वडा कार्यालय वाट गाउँपालिकाको निर्णय अनुसार दर्ता भएका तथा सुचिकृत भएको नाफा मुलक र गैह्र नाफामुलक संस्थाहरु यसै कार्यविधि वमोजिम दर्ता भएको मानिनेछ ।

१०. खारेजीः यस कार्यावधिका कुनै दफा, उपदफा, लगाएत सबै खण्ड वा आंशिक खण्ड कुनै विषय प्रदेश कानुन र संघिय कानुन र अन्य कुनै कानुन संग वाझियमा वा वाझि हद सम्म अमान्य वा खारेज हुनेछ ।

गाउँ सभाबाट पारित मितिः २०८१।०३।३०
प्रमाणिकरण मिति २०८१।०३।३०

आज्ञाले
सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत